**बैठक संख्याः २०८०।०८१ – ११**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः वि. स. २०८१ साल बैशाख ०९ गते आईतबार समय १०.०० बजे देखि सुरु ।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू ।

स्थानः गाउँपालिका सभाहल तनहुँ ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | [signature] | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | [signature] | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | [signature] | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | [signature] | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा न .२ वडाअध्यक्ष | [signature] | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा न. ३ वडाअध्यक्ष | [signature] | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा न. ५ वडाअध्यक्ष | [signature] | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | [signature] | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | ध्रुवराज लामिछाने | अधिकृत | [signature] | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |
| १७ | | | | |

**घिरिङ गाउँपालिका**

**गाउँ कार्यपालिका**

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/११ मिति : २०८१/०१/०९

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) घुम्ती सेवा तालिका सम्बन्धमा ।

२) अध्ययन भ्रमण सम्बन्धमा ।

३) महिला शसक्तिकरण सिपमुलक तालिम सम्बन्धमा ।

४) सोलार बत्ती सम्बन्धमा ।

५) सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

६) विविध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं.१ माथि छलफल गर्दा गाउँपालिका स्तरीय घुम्ती सेवा शिविर तपसिल अनुसार को मिति र स्थानमा रहने निर्णय गरियो ।

तपसिल,

| क्र.सं. | मिति | स्थान | सेवाहरु | कै. |
|---|---|---|---|---|
| १ | २०८१/१/१२ | वडा नं.५को कार्यालय | स्वास्थ्य सेवा,व्यक्तिगत घटना दर्ता,व्यवसाय दर्ता,कृषि सेवा( विभिन्न रोग तथा किराहरुको पहिचान गरी त्यसको नियन्त्रणका लागि विषदी वितरण )पशु सेवा(पशु बन्ध्याकरण,आन्तरीक तथा बाहिय परजिवी विरुद्धको औषधी वितरण ) | |
| २ | २०८१/१/१३ | वडा नं.२को कार्यालय | स्वास्थ्य सेवा,व्यक्तिगत घटना दर्ता,व्यवसाय दर्ता,कृषि सेवा( विभिन्न रोग तथा किराहरुको पहिचान गरी त्यसको नियन्त्रणका लागि विषदी वितरण )पशु सेवा(पशु | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | बन्ध्याकरण,आन्तरीक तथा बाहिय परजिवी विरुद्धको औषधी वितरण ) | |
| ३ | २०८१/१/१५ | वडा नं.४को कार्यालय | स्वास्थ्य सेवा,व्यक्तिगत घटना दर्ता,व्यवसाय दर्ता,कृषि सेवा( विभिन्न रोग तथा किराहरुको पहिचान गरी त्यसको नियन्त्रणका लागि विषदी वितरण )पशु सेवा(पशु बन्ध्याकरण,आन्तरीक तथा बाहिय परजिवी विरुद्धको औषधी वितरण ) | |
| ४ | २०८१/१/१६ | वडा नं.३को कार्यालय | स्वास्थ्य सेवा,व्यक्तिगत घटना दर्ता,व्यवसाय दर्ता,कृषि सेवा( विभिन्न रोग तथा किराहरुको पहिचान गरी त्यसको नियन्त्रणका लागि विषदी वितरण )पशु सेवा(पशु बन्ध्याकरण,आन्तरीक तथा बाहिय परजिवी विरुद्धको औषधी वितरण ) | |
| ५ | २०८१/१/१७ | वडा नं.१को कार्यालय | स्वास्थ्य सेवा,व्यक्तिगत घटना दर्ता,व्यवसाय दर्ता,कृषि सेवा( विभिन्न रोग तथा किराहरुको पहिचान गरी त्यसको नियन्त्रणका लागि विषदी वितरण )पशु सेवा(पशु बन्ध्याकरण,आन्तरीक तथा बाहिय परजिवी विरुद्धको औषधी वितरण ) | |

निर्णय नं २ प्रस्ताव नं.२ माथि छलफल गर्दा पालिका स्तरीय जनप्रतिधिनी र कर्मचारीहरुको क्षमता अभिवृद्धिको आगि अध्ययन अवलोकन कार्य आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको अध्ययन अवलोकन भ्रमण मार्फत क्षमता अभिवृद्धिका लागि पहिलो चरणको भ्रमण कार्यक्रम मिति २०८१/०१/१९ देखि ऐ २२ गतेसम्म हुने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आ.व.मा महिला शसक्तिकरण शिर्षमा विनियोजन भएको रकमबाट विद्यार्थिहरुले प्रयोग गर्ने झोलाको २० दिने तालिम संचालन गर्ने साथै उक्त कार्यक्रका लागि सो संग सम्बन्धित प्रशिक्षक र प्रपोजल तयार गरी कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा चालु आ.व.का लागि सौर्य उक्त शिर्षकमा रहेको रु.८ लाख रकम बाट तपसिलका स्थानहरुमा सोलार बत्ती राख्ने निर्णय गरियो ।

तपसिल,

| क्र.सं. | स्थान | थान | कैफियत |
|---|---|---|---|
| १ | भगवतीपुर स्वास्थ्य चौकी | १ थान | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २ | घिरिङ सुन्धार स्वास्थ्य चौकी | १ थान | |
| ३ | गजरकोट स्वास्थ्य चौकी | १ थान | |
| ४ | पुट्टार प्रहरी चौकी | १ थान | |
| ५ | गजरकोट प्रहरी चौकी | १ थान | |
| ६ | पोखरीछाप प्रहरी चौकी | १ थान | |
| ७ | गाउँपालिका कार्यालय | १ थान | |
| ८ | पुट्टार प्राविधिक शिक्षालय | १ थान | |
| ९ | चन्द्र ज्योति प्राविधिक शिक्षलय | १ थान | |

निर्णय नं ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा चालु आ.व.को तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता कुमारी बैक मानपुर शाखासँग समन्वय गरी वडा वडाको पायक पर्ने स्थानबाट नै वितरण गर्ने भनि समय तालिकाको सूचना समेत भै सकेको हुँदा उक्त कार्यक्रमलाई आ- आफनो स्थानबाट प्रचार प्रशार र सहयोग गर्ने भन्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं.६ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- यसै गाउँपालिका वडा नं.३ बस्ने राजु श्रेष्ठको पहलमा लायन्स कल्वले राख्ने स्वास्थ्य सेवा सम्बन्धी शिविर सुन्धारा स्वास्थ्य चौकी सुन्धारामा राख्ने निर्णय गरियो ।
- भोरकोट स्वास्थ्य चौकीमा इन्टरनेट जडान गर्दा लागेको जम्मा खर्च रकमको ५० प्रतिशित गाउँपालिका कार्यालयबाट भुक्तानी गर्ने निर्णय गरियो ।
- पालिका भित्र रहेका जनप्रतिनिधी,शिक्षक,कर्मचारी साथै नेपाल सरकारबाट सुविधा प्राप्त गर्नेका छोरा छोरीहरुलाई सामुदायी विद्यालयमा पठनपाठनका लागि अनुरोध गर्ने निर्णय गरियो ।
- कृषि शाखा अन्तरगतको हाते ट्याक्टरको खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- सरस्वती आ.वि.मर्मतको काम
- बाटो सरसफाई वडा नं.४ को २ लाख रुपैयाँ र खिला खानेपानी मोटर खरिदको २ लाख ५० हजार गरि जम्मा रु ४ लाख ५० हजार रुपैयाँ **अध्यक्षसँग युवा उद्यम कार्यक्रम शिर्षकबाट** रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।
- प्रशासकीय भवन निर्माणका लागि जिल्ला समन्वय समिति र यस गाउँपालिका बीच रु.३० लाख बराबरको रकम उपलव्ध गराउने सम्झौता भएकोमा शुरु बजेट प्रविष्टीमा स्रोत सुनिश्चीत नभई सो कार्यक्रम बार्षिक कार्यक्रममा नपरेको हुँदा हाललाई सो कार्यक्रम सुत्रमा प्रविष्टी गरी आउने गाउँसभामा सो कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।
- दोस्रो निस्दी कृषि पर्यटन सास्कृतिक तथा खेलकुद महोत्सव २०८० मा सहभागीलाई रु.१०,०००।०० अक्षरुपी दश हजार यातायात खर्च दिने निर्णय गरियो ।
- तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो।

तपसिल,

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकिय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

| क.सं. | नामथर | ठेगाना | विवरण | रकम |
|---|---|---|---|---|
| १ | मधु राना | घिरिङ-३ | मृगौला रोगी | १५०००.०० |

- मध्यमकालिन खर्च संरचना निर्माण र विपद व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।
- महिला शसक्तिकरण र जिविकोपार्जन कार्यक्रम (आ.स्रोत) शिर्षकबाट कर्मचारी प्रोत्साहन तथा पुरस्कारमा रु ३ लाख रकमान्तर गर्ने निर्णय गरियो ।
- सेवा प्रवाहमा नविन प्रविधिको प्रयोग शिर्षकबाट रु.१ लाख,भैपरी आउने चालु खर्च शिर्षकबाट रु.२ लाख र अनुगमन मुल्याङ्कन शिर्षकबाट रु ३ लाख गरी जम्मा रु .६ लाख रुपयाँ अध्ययन अवलोकन भ्रमण शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।
- यस गाउँपालिकाका जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि साथै कृषि उत्पादनमा जोड दिने उद्धेश्यका साथ गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापालाई दिन १० (दश) का लागि चीनमा अध्ययन अवलोकन भ्रमणमा खटाई पठाउने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकिय अधिकृत

होम बहादुर थापा
अध्यक्ष